# भिमसेनथापा गाउँपालिका
## BHIMSENTHAPA RURAL MUNICIPALITY
### गाउँ कार्यपालिकाको कार्यालय
### Office of the Rural Municipality Executive
खान्चोक, गोरखा
Khanchok, Gorkha

गण्डकी प्रदेश (Gandaki Province)

पत्र संख्या (Reference No.) ०७७/०७८
च.नं (Dispatch No.)-: १३०६

मिति (Date): २०७७/१२/२०

भिमसेनथापा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खान्चोक, गोरखा २०७३

**विषय :- व्यक्तिगत घटना दर्ता अभियान सञ्चालन गर्ने सम्वन्धमा ।**

श्री सवै वडा कार्यालयहरु,(१-८)

भिमसेनथापा गाउँपालिका, गोरखा ।

प्रस्तुत विषयमा राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभागको प.सं ०७७/०७८ च.न २००९ मिति २०७७/१२/१८ को पत्र यसै साथ संलग्न छ । सो पत्रानुसार २०७८ वैशाख १ गते देखि वैशाख १६ गते सम्म प्रत्येक वडाको पायक पर्ने कम्तिमा तीन स्यानमा दर्ता सिविर सञ्चालन गरी सो अवधि भित्र भएका घटना दर्ता र सामाजिक सुरक्षा सम्वन्धी सेवाहरु दर्ता शिविरवाट भएको मान्यता हुने भएकाले घटना दर्ता अभियान, २०७८ को कार्ययोजना अनुसार कार्यक्रम सञ्चालन गरी, उक्त अवधिभरमा दर्ता भएका सामाजिक सुरक्षाका निवेदन र व्यक्तिगत घटना दर्ताका सुचना फारमहरुको सख्यात्मक विवरणको प्रतिवेदन एम.आए.एस शाखामा पठाउनुहुन अनुरोध छ ।

२०७७/१२/२०

.....................
नेत्रराज लौडारी
नि. प्रमुख प्रसाशकिय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

वोधार्थः
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग, ववरमहल काठमाण्डौ

E-mail-bhimsenthapagaupalika@gmail.com
Website-bhimsenmun.gov.np

Scanned with CamScanner

भिमसेनथापा गाउँपालिका
दर्ता नं. ....७८५०............
मिति :.२०७८/१२/२०.

नेपाल सरकार
# गृह मन्त्रालय
# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९९९९९

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :-०७७/७८
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :-२००३

मिति :२०७७/१२/१८

विषयः व्यक्तिगत घटना दर्ता अभियान सञ्चालन गर्ने सम्बन्धमा।

श्री स्थानीय तह सबै।

प्रस्तुत विषयमा व्यक्तिगत घटना दर्ताको महत्व प्रचार प्रशार गर्ने अभिप्रायले वैशाख १ गतेलाई व्यक्तिगत घटना दर्ता दिवस को रूपमा र बैशाख १ गते देखि ७ गते सम्मलाई व्यक्तिगत घटना दर्ता सप्ताह को रूपमा मनाईदै आएको ब्यहोरा विद्वितै छ।

नेपाल सरकारले सन् २०२४ (वि.सं. २०८०) सम्ममा जन्म दर्ता शत प्रतिशत पुर्याउने र अन्य व्यक्तिगत घटना दर्तामा उल्लेख्य रूपमा वृद्धि गर्ने अन्तराष्ट्रिय प्रतिवद्दता जाहेर गरेको सन्दर्भमा उक्त प्रतिवद्दता पुरा गराउनको लागि व्यक्तिगत घटना दर्तालाई नागरिकको कर्तब्यको रूपमा स्थापित गराउँदै घटना दर्तालाई व्यापक रूपमा विस्तार गर्ने उद्धेश्यले आगामी २०७८ सालको वैशाख १ गते देखि १६ गतेसम्म राष्ट्रव्यापी रूपमा "व्यक्तिगत घटना दर्ता अभियान" सञ्चालन गर्ने मिति २०७७/१२/१७ मा निर्णय भएकाले सो सम्वन्धमा चालु आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रम अनुरूप विभागबाट उपलब्ध भएको बजेट साथै कार्य शर्तका संझौता, नमूना बोलपत्रको कागजात र सेवा प्रदायक व्यक्ति वा संस्थाको कार्य विवरण अनुरूप हुनेगरी विभागको च.नं. १६०२, मिति २०७७/१०/२७ को पत्र मार्फत उपलब्ध भएका सञ्चार सामाग्रीहरूलाई नागरिकहरूमा सूचनामूलक सन्देश प्रवाह गर्ने र रचनात्मक कार्यक्रमहरुका माध्यमवाट घटना दर्ता अभियानका रूपमा आगामी २०७८ बैशाख १ गते देखि बैशाख १६ गतेसम्म प्रत्येक वडाको पायक पर्ने कम्तिमा तीन स्थानमा दर्ता शिविर सञ्चालन गर्ने प्रवन्ध समेत गरी अभियान अवधिभित्र भएका घटना दर्ता र सामाजिक सुरक्षा सम्बन्धी सेवाहरू दर्ता शिविरबाट भएको मान्यता हुने भएकाले उक्त अवधिभरीमा दर्ता भएका सामाजिक सुरक्षाका निवेदन र व्यक्तिगत घटना दर्ताका सूचना फारमहरूको संख्यात्मक विवरणको प्रतिवेदन विभागमा पठाउनुहुन समेत अनुरोध छ।

............

जितेन्द्र बस्नेत
महानिर्देशक

# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

## घटना दर्ता अभियान, २०७८
## कार्य योजना

| मिति | कार्यक्रम |
|---|---|
| चैत्र २५, २०७७ | ➢ सम्पूर्ण स्थानीय तहले आफ्नो वेबसाईटमा आगामी वैशाख १ गतेदेखि वैशाख १६ गते सम्म संचालन हुने घटना दर्ता अभियान सम्बन्धी सूचना गृहपृष्ठमा (पपअप एड) राख्ने ।<br>➢ स्थानीय तहमा संचालन हुने सार्वजनिक तथा औपचारिक कार्यक्रममा घटना दर्ता अभियानबारे जानकारी गराउने । |
| चैत्र २६, २०७७ | ➢ सम्पूर्ण स्थानीय तहले आफ्नो केन्द्रीय कार्यालय तथा सम्पूर्ण वडामा घटना दर्ता सम्बन्धी यस अघि पठाईएको ४x६ फुटको फ्लेक्स प्रिन्ट र संलग्न मस्यौदा स्कीप्टलाई रेडियो जिङ्गल बनाई प्रसारण गर्ने । |
| चैत्र २७, २०७७ देखि वैशाख १५, २०७८ सम्म | ➢ स्थानीय तहमा संचालन भएका वा सुनिने संचार माध्यमबाट बिहान र बेलुका रेडियो सन्देश प्रशारण गर्ने ।<br>➢ ईमेल मार्फत पठाईएको स्टिकर प्रिन्ट गरी सार्वजनिक / निजी सवारी साधनमा टाँस्ने ।<br>➢ स्थानीय रेडियोबाट संचालन हुने रेडियो अर्न्तवार्तामा जनप्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृत वा वडा सचिव सहभागी हुने र घटना दर्ता अभियान, आवश्यक कागजपत्र, संचालन हुने कार्यक्रमका विषयमा जानकारी गराउने । |
| चैत्र ३० र ३१ २०७७ | ➢ घटना दर्ता अभियान सम्बन्धी सबै वडाले माईकिङ्ग गर्ने ।<br>➢ स्थानीय तहले नयाँ वर्षको शुभकामना आदानप्रदान कार्यक्रममा घटना दर्ता अभियानबारे जानकारी गराउने । |
| वैशाख २, २०७८ | ➢ मानिसको आवतजावत हुने स्थानमा पर्चा, पम्प्लेट तथा व्यानर वितरण गर्ने । |

Scanned with CamScanner

| | |
|---|---|
| | ➢ स्थानीय स्तरमा प्रकाशित हुने पत्रपत्रिकाको अघिल्लो पृष्ठमा घटना दर्ता अभियान संचालन हुने स्थान र समय सहित विज्ञापन प्रकाशन गर्ने ।<br><br>➢ स्थानीय तहको सामाजिक संजालका पेजमा विभागबाट पठाईएको स्टिकर तथा घटना दर्ता अभियान सम्बन्धी लेटर हेडमा सूचना जारी गर्ने ।<br><br>➢ स्थानीय तहका सबै विद्यालयमा प्रभातकालिन समयमा संचालन हुने प्रार्थना सभामा घटना दर्ता अभियानको बारेमा बिद्यार्थी मार्फत सबै अभिभावकलाई जानकारी गराउने ।<br><br>➢ घटना दर्ता अभियानको बारेमा स्थानीय तहको स्वास्थ्य शाखाले समन्वय गरी सबै स्वास्थ्य स्वयंसेविकालाई ५ प्रकारका घटना दर्ता बारे जानकारी गराउने । |
| वैशाख २ देखि १६, २०७७ | ➢ स्थानीय तहले कार्यालय समयमा घटना दर्ता अभियान संचालन गर्ने र त्यसको विवरण स्थानीय एफ.एम. तथा पत्रपत्रिका मार्फत सार्वजनिक गर्ने ।<br><br>➢ स्थानीय तह मातहत रहेका सबै ईकाईका वेबसाईट तथा कार्यालय, विद्यालय, स्वास्थ्य चौकी तथा अन्य निकायमा फ्लेक्स प्रिन्ट मार्फत नागरिकलाई सूचित गराउने ।<br><br>➢ स्थानीय तहमा नयाँ वर्षलाई लक्षित गरी आयोजना हुने सांस्कृतिक तथा मनोरञ्जनात्मक कार्यक्रममा दोहोरी गित मार्फत घटना दर्ता अभियानको जानकारी गराउने । |

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग
सिंहदरबार, काठमाडौं

Scanned with CamScanner

मस्यौदा रेडियो जिङ्गल सन्देश

# घटना दर्ता अभियान सम्बन्धी अत्यन्त जरुरी सूचना !

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागसँगको समन्वयमा ................पालिकाबाट मिति २०७८ साल बैशाख १ देखि १६ गते सम्म घटना दर्ता अभियान संचालन हुने भएकोमा देहायको स्थानमा दर्ता शिविर संचालन हुने भएकोले व्यक्तिगत घटना दर्ता गर्न बाँकी भएका नागरिकहरुले आफ्नो वडा कार्यालय वा पायक पर्ने दर्ता शिविरमा उपस्थित भई जन्म, मृत्यु, विवाह, सम्बन्ध बिच्छेद र बसाई सराईजस्ता व्यक्तिगत घटना अनिवार्य रुपमा दर्ता गरौं/ गराऔं ।

मिति स्थान

"घटना दर्ता गराउनु सबै नागरिकको कर्तव्य हो ।"

नभूल्नुहोस् है,

घटना दर्ता अभियान,

आगामी बैशाख १ देखि १६ गते सम्म, तपाईको आफ्नै वडामा ।

व्यक्तिगत घटना घटेको ३५ दिन भित्र घटना दर्ता गरी जरिवानाबाट बचौं ।

थप जानकारी आवश्यक भएमा आफ्नो स्थानीय तह वा विभागको टेलिफोन नम्बर ०१-४२०००१६ मा सम्पर्क गर्नुहोस् ।

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
सिंहदरबार, काठमाडौं

